# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्या:- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बाह्रौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नामथर , | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उपप्रमुख- | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

प्रस्तावहरूः

१. अघिल्लो बैठकको समीक्षा सम्वन्धमा ।

२. योजना छनौट सम्बन्धमा ।

३. ठेक्काको म्याद थप सम्वन्धमा ।

४. सम्बन्धमा उखु पेल्ने मेसिन सम्वन्धमा।

५. अध्ययन/असाधारण विदा सम्वन्धमा ।

६. करार पदपुर्ति सम्बन्धमा ।

७. कक्षा थप सम्वन्धमा ।

८. विविध ।

१. प्रमाणित एवं स्वघोषणा सम्बन्धमा।

क. बजेट अवण्डा नभएको सम्बन्धमा ।

ख. करका दर एव असुल संम्बन्धमा ।

ग. कृषि उपज/खसि बोका संकलन केन्द्र सम्बन्धमा ।

घ. आफ्नै भवनमा संचालन भएका कार्यालय सम्बन्धमा ।

२. जग्गा बर्गिकरण सम्बन्धमा ।

३. फाल्चा निर्माण सम्बन्धमा ।

४. चैनपुर महोत्सब सम्बन्धमा ।

५. शौचालय संरचना हटाउने सम्बन्धमा ।

६. बाइक मर्मत सम्बन्धमा ।

७. खानेपानी पाइप खरिद सम्बन्धमा।

८. संरचना भाडामा लगाउने बारे ।

९. योजनाको नाम संसोधन सम्बन्धमा ।

१०. आर्थिक सहयोग सम्बन्धमा ।

११. पेश्की उपलब्ध गराउने बारे ।

१२. २ नं वडा कार्यालय अगाडीको ढुङ्गा व्यवस्थापन सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२

बैठक प्रारम्भ- १:०० बजे

निर्णयहरू

निर्णय नं. १. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२/११/१२ गते बसेको एघारौं कार्यपालिका बैठकको समीक्षा गरियो ।

निर्णय नं. २. प्रस्ताव नं. २ उपर छलफल गर्दा कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रलयको च नं ८८२ मिति २०८२।११।२८ गतेको पत्रानुसार आ. व. २०८३/८४ को लागि प्रादेशीक समपुरक अनुदानका लागि निम्नअनुसारका योजनाहरू छनौट गरी प्रदेश सरकार समक्ष पठाउने निर्णय गरियो ।

प्रादेशीक समपुरक आयोजना/कार्यक्रम

१. कोशी राजमार्ग देखि वाणी विलास मा वि चैनपुर नगरपालिका ११ नं वडा कार्यालय हुदै कुहिभिर मलाटे जोड्ने सडक निर्माण ।
२. चैनपुर पोखरी बजार देखि ३ नं ४ नं हुदै वडा नं २ को थामपोखरी जोड्ने सडक निर्माण।

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल छलफल गर्दा १ नं वडा कार्यालयको प्रशासनिक भवन निर्माण, पशु अस्पताल भनव निर्माण, आधारभूत स्वस्थ्य केन्द्र खराङ भवन निर्माण, , पोखरी- मैदाने - प्याङकोट सडक निर्माण (काका निर्माण सेवाद्वारा निर्माण भएको खण्ड) लगायतका योजनाहरुका सम्बन्धमा निर्माण व्यवसायिहरुलाइ आगामी कार्यपालिका वैठकमा बोलाइ थप छलफल गरी म्याद थप्ने/ठेक्का टुङ्याउने बारे निष्कर्षमा पुग्ने निर्णय गरियो ।खराङ हात्तिसुडे सडक निर्माण को सम्बन्धमा २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. प्रस्ताव नं. ४ उपर छलफल छलफल गर्दा २०८२/०९/२१ गतेको १८ औ नगरसभाबाट उखु पेल्ने मेसिन मिनिट्रेलर एच डि पि पाइप लगायतका खरिद शिर्षकमा रु १७५०००० व्यवस्थापन गरेको साथै चैनपुर नगरपालिका वडा नं ३ र १० को स्वीकृत बजेट तथा कार्यक्रममा ५० प्रतिशत अनुदान उखु पेल्ने मेसिन खरिद शिर्षकमा बजेट व्यवस्थापन भएको र वडा कार्यालहरुबाट समेत नगर प्रमुख एवं नगरपालिकालाइ उखु पेल्ने मेसिन उपलब्ध गराइदिनुहुन भनि सिफारिस भइ आएकोमा नगरपालिकाले खरिद प्रकृया अगाडि बढाइ राज ट्रेड कन्सर्न दमक ५ झापामा मार्फत सामान समेत प्राप्त भइ भुक्तानी प्रकृयामा रहेको अवस्था छ। कृषक सँगको साझेदारी प्रतिशत सम्बन्धमा वडा कार्यालयहरुले कृषक / संस्थाहरुसगँ छलफल गरी आगामी कार्यपालिका बैठकमा बाट वितरण सम्बन्धमा निष्कर्षमा पुग्ने साथै आपुर्तिकर्तालाइ भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

<u>निर्णय नं. ५.</u> प्रस्ताव नं. ५ उपर छलफल गर्दा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० बमोजिम यस कार्यालयमा स्वीकृत संगठन संरचनामा स्थायी दरबन्दीमा कार्यरत कर्मचारीहरु मध्ये प्रत्येक सेवा बाट कर्मचारी संख्याको आधारमा एकै समयका बढीमा २ जना सम्मलाइ असाधारण/ अध्ययन विदा दिने प्रकृया अगाडी बढाउन सक्ने र यस प्रकारको बिदामा बसेका कार्मचारी फर्की आएपछी मात्र सो सेवाका अन्य कर्मचारीलाइ विदा दिने ।तर यो निर्णय गर्नुभन्दा अगाडी बिदा प्रकृयामा रहेकाकर्मचारीहरुको पुर्वस्वीकृती एवं सरकारी छात्रवृत्तिमा अध्ययन गर्न सिफारिस भएमा असाधारण/अध्ययन विदा स्वीकृत गर्न असर नपर्ने ।

क. नगर कार्यपालिकाको मिति २०८२।०९।१८ गतेको निर्णयानुसार पूर्वस्वीकृती लिइ राष्ट्रिय चिकित्सा आयोगबाट लिएको प्रवेश परिक्षा उत्तीण भइ बि पि कोइराला स्वसथ्य विज्ञान प्रतिष्ठानमा मार्टर्स इन नर्सिङ( Psychiatry Nursing) विषयमा नेपाल सरकारको छात्रवृत्ती कोटामा पर्न सफल भएका यस कार्यालयका कर्मचारी अधिकृत छैटौं नर्सिङ अधिकृत सिर्जना तामाङ ( कर्मचारी संकेत नं १९०८९४) लाइ २०८२ बैशाख देखि सुरुहुने दुइ बर्षे शैक्षिक कार्यक्रमको लागि २०८२ बैशाख १५ गते देखि लागूहुने गरी २ बर्ष स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा दफा १२० अनुसारको अध्ययन बिदा स्वीकृत गर्ने ।साथै अध्ययन पश्चात ऐ ऐनको दफा ६८ बमोजिमको अवधि सम्म अनिवार्य रुपमा यस नगरपालिकामा सेवा गर्ने गरी दफा ६९ बमोजिमको कबुलियतीनमा सम्बन्धित कर्मचारीलाइ गराइ विदा स्वकृत गर्ने ।

ख. चैनपुर नगर अस्पतालका कार्यरत सि अ मी अधिकृतस्तर छैटौ तहमा कार्यरत कर्मचारी सुमित्रा लिम्बु (संकेत नं २००८७१) ले आगामी शैक्षिक सत्रमा ३ बर्षे PCL Nursing अध्ययन गर्नको लागि पूर्व स्वीकृति माग गरेको हुँदा निज कर्मचारीलाइ असाधारण विदाको लागि पूर्व स्वीकृती दिने निर्णय गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

<u>निर्णय नं. ६.</u> प्रस्ताव नं. ६ उपर छलफल गर्दा चैनपुर नगर अस्पताल विकास समितिको मिति २०८२।१२।१ को निर्णयानुसार माग भइ आएका साथै यस कार्यालयमा विभिन्न कारणबाट रिक्त रहेको तपसिल बमोजिमको कर्मचारीहरुको परिक्षा मार्फत करार पदपुर्ति प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| क स | सेवा समुह | तह पद | संख्या | कै |
|---|---|---|---|---|
| १ | स्थानीय स्वस्थ्य | मेडिकल अधिकृत अधिकृत स्तर आठौ | १ | चैनपुर नगर अस्पताल रिक्त |
| २ | स्थानीय स्वस्थ्य | रेडियो ग्राफर सहायक स्तर चौथो | १ | चैनपुर नगर अस्पतालमा रिक्त |
| ३ | स्थानीय प्रशासन | कार्यालय सहयोगी | २ | वडा कार्यालयमा २ र ८ रिक्त |
| ४ | स्थानीय प्रशासन | सरसफाइकर्मी | १ | चैनपुर अस्पतालमा रिक्त |

<u>निर्णय नं. ७.</u> संखुवासभा ब्राइट फ्युचर इङलिस स्कूल चैनपुर १० ले कक्षा थप को अनुमति माग गरेकोमा चैनपुर नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७५ को दफा ९ बमोजिम नगर शिक्षा समितिले आवश्यक प्रकृया पुरा गरी अगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ८.</u> विविध

१ आर्थिक बर्ष २०८१।०८२ को स्थानीय शासन मूल्यकंन कार्यविधि अनुरुप तोकीएका पुष्ट्याइका तपसिलका बिषयहरु प्रमाणित एवं स्वघोषणा गर्ने

<u>तपसिल</u>



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२

बैठक प्रारम्भ- १:०० बजे

क. आर्थिक बर्ष २०८१ /८२ एव २०८२ /८३ को नीति तथा कार्यक्रम र बजेटमा प्रचलति कानुन बमोजिम बाहेकका कुनै पनि शिर्षकमा अवण्डा रकम नछुटयाएको ।

ख. आर्थिक बर्ष २०८१ /८२ एव २०८२/ ८३ को नीति तथा कार्यक्रम र बजेटमा संविधान प्रचलति संघीय एव प्रादेशिक कानुन अधिनमा रहि राजाश्व परामर्श समितिको सिफारिस बमोजिम मात्र करका दर निर्धारण एव असुल गरिएको ।

ग. चैनपुर नगरपालिकामा उत्पादन हुने कृषि उपज/खसि बोका संकलन गरी व्यवस्थित भण्डार विक्रि वितरणको लागि आ व २०८१/ ०८२ मा चैनपुर ६ मा संकलन केन्द्र निर्माण गरिएको र हाल संचालनमा रहेको ।

घ. चैनपुर नगर कार्यापालिकाको कार्यालय आफ्नै भवन बाट सेवा प्रवाह गरिरहेको र ११ वटा वडा कार्यालहरु मध्ये ७ वटा वडा कार्यालयहरुले आफ्नै भवन बाट सेवा प्रवाह गरिरहेको ।

२ चैनपुर नगरपालिका क्षेत्रभित्रका तपसिल बमोजिमका व्यक्तिको नाममा दर्ता कायम रहेका कि न क्षेत्रफलका जग्गाहरु वर्गिकरण छुट/भुलवस अन्यथा भएको हुँदा भू वर्गिकरण नियमावली अनुसार देहाय बमोजिमका क्षेत्रमा वर्गीकरण गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क स | जग्गाधनीको नाम थर ठेगाना | कि न | क्षेत्रफल ब कि मि | जग्गाको किसिम | कै |
|---|---|---|---|---|---|
| १ | कर्ण बहादुर आचार्य चैनपुर ७ | १६०६, २६६, १६१० | १४७४ | आवासीय | साविक चैनपुर ७ |
| २ | शंकर प्रसाद आचार्य चैनपुर ७ | २६७, १६०७, १०१३ | ६००,५१४, १५८८ | आवासीय | साविक चैनपुर ७ |
| ३ | माया देवी कार्की आचार्य चैनपुर ७ | १६१२, १६०४ | १३४८ | आवासीय | साविक चैनपुर ७ |
| ४ | रेवत बहादुर आचार्य चैनपुर ७ | १६११, १६०५ | ४५०, ४२२ | आवासीय | साविक चैनपुर ७ |
| ५ | शान्ती आचार्य चैनपुर ७ | १६१६ | ५०४ | आवासीय | साविक चैनपुर ७ |
| ६ | याम नाथ रिमाल | ९७७ | | आवासीय | साविक चैनपुर |

चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल
स्था: २०७३

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

| | | | | | |
|---|---|---|---|---|---|
| | चैनपुर ७ | | | | ६ |
| ७ | याम नाथ रिमाल चैनपुर ७ | १९७२ | | कृषि | साविक चैनपुर ६ |
| ८ | पदम बहादुर अधिकारी चैनपुर ३ | ३२८, ३२९, ३३२, ३३७ | १४१०, १२९० ,२१५, ४४९० | आवासीय | साविक सिद्धकाली १ |

३ यस पुर्व निर्णय भएको फल्चा निर्माण स्थल बसपार्क भन्दा प्राविधिक दृष्टिले टुडिखेल उपयुक्त हुने देखिएको हुँदा चैनपुर नगरपालिका र ललितपुर महानगरपालिकाको भगिनि सम्बन्धबाट प्राप्त फल्चा निर्माण योजना संखुवासभा जिल्ला अदालतको स्वामित्वमा रहेको चैनपुर टुडिखेल बार एसोसिएसन भवन छेउमा उक्त फाल्चा निर्माण गर्न जग्गा माग गरी प्राप्त भएपश्चात निर्माण प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

४ २०८२ चैत्र २० गते देखि २५ गते भित्र चैनपुर महोत्सब एवं पर्यटन बर्ष २०८२ मानउने भनी सरोकारवालहरु सगँ छलफल साथै कोशी प्रदेश वन वातावरण तथा पर्यटन मन्त्रालय सगँ समेत कार्यक्रम संम्झौता भइसकेकोमा आन्तरिक तयारी लागायत प्रचार प्रसारको लागि समयको कमी र मौसमको प्रतिकुलता समेत रहने भएको हुँदा उक्त कार्यक्रम हाललाइ संचालन नगर्ने र सोहि व्यहोरा प्रदेश मन्त्रालयलाइ जानकारी गराउने निर्णय गरियो ।

५ चैनपुर नगरपालिका वडा नं ६ मा रहेको सार्वजनिक शौचालय पुरानो भइ प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको र नयाँ संरचना निर्माणको लागि समेत खालि जमिनको कमि भएको हुँदा उक्त संरचना हटाइ त्यसमा रहेका सामग्री नगरपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

६ चैनपुर नगर अस्पतालमा मेडिकल अधिकृतले प्रयोग गर्ने प्रयोजनको लागि यस कार्यलयमा रहेको हाल संचालनमा नरहेको मोटरसाइकल र १० नं वडा कार्यालयमा प्रयोगमा रहेको मोटर साइकल बिग्रेको हुँदा प्राप्त इस्टमेट बमोजिम मर्मत गर्ने निर्णय गरियो ।

७ चैनपुर नगरपालिका वडा नं ७ को वडा कार्यालयमा खानेपानी व्यवस्थापन गर्न आवश्यक पर्ने पाइप प्राप्त लागत इस्टमेट बमोजिम खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

८ चैनपुर नगरपालिकाको करुवा पार्क छेउमा रहेको कृषि कार्यमा लागि बनाइएको संरचना/टहरा मासिक रु ५०००। (पाँच हजार रुपयाँ मात्र ) न्यूनतम दर कायम बढीमा तीन बर्षको लागि गरी भडामा लागाउने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

९ योजना संसोधन सम्बन्धमा

क. सुर्योदय आ. वि. फलाटे तला थप्ने तथा मर्मत संभार चैनपुर- ७ रहेको योजनाको नाम सुर्योदय आ. वि. भवन मर्मत फलाटे चैनपुर -७ संसोधन गर्ने निर्णय गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १२

मिति-२०८२।१२।१२ बैठक प्रारम्भ- १:०० बजे

ख. चैनपुर नगरपालिका वडा नं ८ को चापाँभैं खानेपानी उपभोक्ता तथा सरसफाइ योजना विनियोजित रकम रु ७००००० लाइ चैनपुर वडा नं ८ चापाभुइ सडक सोलिङ रु ४००००० र चैनपुर वडा नं ८ कटहरे सडक सोलिङ रु ३००००० मा परिवर्तन गर्ने निर्णय गरियो ।

ग. चैनपुर नगरपालिका वडा नं ८ को चापाभैं खानेपानी योजना पाइप लाइन खन्ने पुर्ने **योजना चापाभैं खानेपानी योजना** विनियोजित रकम रु २००००० परिवर्तन गर्ने निर्णय गरियो ।

१० तपसिल बमोजिमका व्यक्ति संस्थालाइ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

| क स | नाम थर ठेगाना | सहयोग रकम रु | शिर्षक | कै |
|---|---|---|---|---|
| १ | श्री शारदा भण्डारी चैनपुर ९ | रु १२००० | | आर्थिक सहयोग /आगलागी |
| २ | श्री लेख बहादुर खत्री चैनपुर ९ | रु ५०००० | | आर्थिक सहयोग/आगलागी |
| ३ | श्री लक्ष्मण लुहार चैनपुर १० | रु १५००० | | आर्थिक सहयोग/बाबुको मृत्यु |
| ४ | श्री लाक्पाछेकी शेर्पा चैनपुर ३ | रु २५००० | | आर्थिक सहयोग |
| ५ | श्री गंगा श्रेष्ठ चैनपुर ६ | रु १०००० | | आर्थिक सहयोग/आगलागी |

११ चैनपुर नगरपालिका पक्ष/विपक्ष भइ न्यायिक निकायमा दायर विभिन्न मुद्दामा बहस पैरवी गरे वापत अधिवक्ता पर्शुराम रिजाललाइ रु २५,००० पेश्की स्वरुप उपलब्ध गराउने ।

१२ वडा नं २ वडा कार्यालय अगाडी को सडकको छेउमा रहेका ढुङ्गा प्राविधिक इस्टमेट गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्ने ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ७:०० बजे यही अन्त्य गरियो ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।